# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, भदौ १२ गते २०५५ साल (अतिरिक्ताङ्क ३६

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला असंलग्न आन्दोलनको बाह्रौं शिखर सम्मेलनमा भाग लिन २०५५ साल भदौ १४ गते दक्षिण अफ्रिकाको डरवनतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने कार्यहरूका साथै उहाँले सम्हाली आउनुभएको राजदरबारसम्बन्धी, रक्षा र परराष्ट्र मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय उप-प्रधानमन्त्री तथा जलस्रोतमन्त्री सुश्री शैलजा आचार्यले सम्हाल्नुहुनेछ ।

### सूचना २

माननीय अर्थमन्त्री डा. श्री रामशरण महत असंलग्न आन्दोलनको बाह्रौं शिखर सम्मेलनमा भाग लिने सिलसिलामा २०५५ साल भदौ १२ गते दक्षिण अफ्रिकातर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय गृहमन्त्री श्री गोविन्दराज जोशीले सम्हाल्नुहुनेछ ।

४९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

माननीय आपूर्तिमन्त्री श्री खुमबहादुर खड्का निजी कामको सिलसिलामा २०५५ साल भदौ १२ गते भारततर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय भूमिसुधार तथा व्यवस्थामन्त्री श्री चिरञ्जीवी वाग्लेले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,

पशुपतिभक्त महर्जन

श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।